मन्थली नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
मन्थली, रामेछाप
बागमती प्रदेश, नेपाल

पत्र संख्या :-
चलानी नं. :-

फोन नं. ०४८-५४०११२
०४८-५४०५३२

मन्थली नगरपालिका नगर कार्यपालिकाको कार्यालय मन्थली, रामेछाप बागमती प्रदेश, नेपाल

मितिः २०८०/०७/१९

## विज्ञप्ती

मिति २०८०/०७/१७ गते जाजरकोट जिल्लाको बारेकोट गाउँपालिका केन्द्र विन्दु भएर गएको ६.४ रेक्टरस्केलको भूकम्पबाट अकल्पनिय दुर्घटना हुन गएको सबैलाई विदितै छ। यस विपदको कारण जाजरकोट र रुकुम पश्चिम लगायतका विभिन्न जिल्लाहरुमा ठूलो धनजनको क्षति हुन गई पुरै देश नै शोकमग्न अवस्थामा रहेको छ। भुकम्प पिडितको खोज, उद्धार र राहत व्यवस्थापन कार्यमा यस मन्थली नगरपालिकाको तर्फबाट सहयोग गर्दै नेपाल सरकार, प्रदेश सरकार, स्थानीय सरकार र सम्पूर्ण सुरक्षा निकाय एवं सुरक्षाकर्मीहरु, सबै तहका जनप्रतिनिधिहरु, सरकारी कार्यालय तथा कर्मचारीहरु, गैरसरकारी संघसंस्था, राजनैतिक दल, सञ्चारकर्मी, व्यवसायी एवं सरोकारवाला सबैमा हार्दिक कृतज्ञता जाहेर गर्दै निरन्तर साथ र सहयोगको अपेक्षा गरेको छु। साथै भूकम्पमा ज्यान गुमाउनु भएका दिवंगत आत्माहरु प्रति हार्दिक श्रद्धाञ्जली तथा शोकाकुल परिवारजनमा गहिरो समवेदना व्यक्त गर्दै घाईतेहरुको शिघ्र स्वास्थ्य लाभको कामना गर्दछु।

..........
लव श्रेष्ठ
नगर प्रमुख

लव श्रेष्ठ
नगरप्रमुख